का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ मंसिर २०७९, बुधबार

7 December 2022, Wednesday

मूल्य रू. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २९१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# आलोपालो प्रधानमन्त्री !

**गठबन्धनकै सरकार बनाउन सहमत शीर्ष नेताहरु आलोपालो कि पाँचै वर्ष एउटै प्रधानमन्त्री रहने गरी पावर सेयरिङ गर्ने भन्ने निचोडमा पुगेका छैनन् ।**



"गठबन्धनको सरकार बनेपछि नेताहरुले निजी कम्पनी चलाएजस्तो पहिलाको जस्तै खासखास कानेखुसी गरेर तँ यो महिनासम्म, तँ यो महिनासम्म भनेर कोठाभित्र कागजमा तमसुक गर्छन् । बाहिर भन्ने आँट गर्दैनन् । त्यही कुरामा अलि पछि बबण्डर गर्छन् ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

४ मंसिरमा भएको निर्वाचनको चुनावी परिणाम आएको छ । निर्वाचन आयोगका अनुसार समानुपातिक तर्फको पनि मत गणना सकिएको छ । निर्वाचन आयोगले अन्तिम परिणाम दिने तयारी गरिरहँदा सत्तागठबन्धनमा रहेका दलहरु सरकार गठनमा केन्द्रीत भएका छन् ।

गठबन्धनकै सरकार बनाउन सहमत शीर्ष नेताहरु आलोपालो कि पाँचै वर्ष एउटै प्रधानमन्त्री रहने गरी पावर सेयरिङ गर्ने भन्नेमा निचोडमा पुगेका छैनन् । निचोडमा नपुगेको भाव सत्ता गठबन्धनका घटक दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीका नेताहरुको सार्वजनिक अभिव्यक्ति दिइरहेको छ ।

नेपाली कांग्रेसको संसदीय दलको नेतामा शेरबहादुर देउवासँग भिड्ने तयारी गरिरहेका कांग्रेस महामन्त्री गगन थापा शीर्ष नेताहरूको आलोपालोको गोप्य कागजको तमसुकले देश नचल्ने बताउँछन् । वर्तमान सत्ता गठबन्धन निर्माणका क्रममै चुनावपछिको सरकारमा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका बीचमा आलोपालो प्रधानमन्त्री बन्ने गोप्य सहमति भएको भन्ने चर्चा चलिरहेका बेला थापाको यस्तो भनाइ आएको हो । मंगलबार गुरुराज घिमिरेको

– बाँकी पृष्ठ २ मा



"कांग्रेस र माओवादीबीच आलोपालो प्रधानमन्त्री हुने बाहिर सार्वजनिक भएकै कुरा हो । अहिले कोबाट सुरुवात हुन्छ भन्ने कुराचाहिँ सहमतिमा गर्नुपर्छ भन्ने मलाई लाग्छ । यो विषयमा शीर्ष नेताहरुबीच निर्वाचन पछाडि पनि छलफल भएको छ ।

**रेखा शर्मा**
नेतृ, माओवादी केन्द्र

# चुनावै पिच्छे घट्दै माओवादी जनमत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

सत्तागठबन्धनको ठूलो दल नेकपा माओवादी केन्द्रको चुनावैपिच्छे सिट घट्न थालेपछि पार्टी पुनसंरचना गर्नुपर्ने आवाज उठ्न थालेको छ । गठबन्धन नगरि एक्लै निर्वाचनमा होमिदाँ १० सिट जित्न पनि मुस्किल पर्ने देखिएको भन्दै केन्द्रीय नेताहरुले पार्टी संरचनामा परिवर्तन हुनुपर्ने बताउन थालेका हुन् । गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा उम्मेद्वार बनेका १० पदाधिकारीमा ५ जना मात्रै निर्वाचित भएका छन् भने प्रत्यक्षतर्फ १८ स्थानमा मात्रै जित हासिल गरेको छ । समानुपातिकतर्फ भने ११ लाख ६२ हजार बढी मत प्राप्त गरेको छ । देशभरबाट इलाम, झापा, ताप्लेजुंग पर्वत, मनाङ, मुस्ताङ र लम्जुङ लगायतका धेरै जिल्लामा माओवादीको उपस्थिति शुन्य छ ।

'अधिकांश अलोकप्रिय पात्रलाई टिकट दिंदा पार्टी १७ मा झरेको छ र पार्टीको लोकप्रिय मतमा समेत नयाँ राप्रपा जस्ता पुरातनपन्थीहरुले लतार्दै लगेको बेला अध्यक्ष कमरेडले घरभित्रै थामिनसक्नु मालाखादासहित बधाई खाने कुराले भौतिक-नैतिक रुपमा अलिकति पनि राम्रो गरेको छैन ।' नेकपा माओवादी केन्द्रका नेता लेखनाथ न्यौपानेले भने । उनले चुनावले माओवादीको साइज थप घटाएको भन्दै गम्भीर समीक्षा हुनु जरुरी भएको बताएका छन् ।

'हरेक साना दलहरू पनि सरकारमै जान खुट्टा उचाल्छन् । बरू कांग्रेस/एमालेले सरकार बनाएर माओवादी सहितका बाँकी सबै दलहरू प्रतिपक्षमा बस्नु उचित हुन्छ' राजनीतिक विश्लेषक मुमाराम खनालले भने । उनले माओवादीप्रतिको आकर्षण चुनावैपिच्छे घटेकाले सरकारमा जानुको औचित्य नहुने बताएका हुन् ।

पहिलो संविधानसभाको चुनावमा माओवादीले प्रत्यक्षतर्फ १२० सिटमा जित हासिल गर्दै पहिलो दल भएको थियो । माओवादीले सो समयमा ३१ लाख ४४ हजार २०४ मत ल्याएर समानुपातिकमा १ सय सिट पाएको थियो भने दोस्रो संविधानसभा निर्वाचनमा प्रत्यक्षमा जम्मा २६ सिटमात्रै ल्याएर माओवादी तेस्रो दलमा खुम्चियो । समानुपातिक मत घटेर १४ लाख ३९ हजार ७२६ मा सीमित हुँदा ५४ सिटमात्रै पाएको थियो । माओवादी पहिलो दल भएपछि शीर्षस्थ नेताबीच मतभेद बढ्दै जाँदा टुटफुट सुरु भयो । वैद्य, विप्लव, बाबुराम लगायतका नेताहरु पार्टीबाट निस्किएर छुट्टै दल गठन गर्न थालेपछि चुनावैपिच्छे माओवादीको हैसियत खुम्चिदैं जाँदा अहिले प्रत्यक्षमा १८ सिटमा सिमित भएको छ । एकपछि अर्को चुनावमा जनमत र हैसियत घट्न थालेपछि पार्टीको विशेष महाधिवेशन हुनुपर्ने, नाम र झण्डा फेर्नुपर्ने वा वामएकता हुनुपर्ने आवाज केन्द्रीय नेतृत्वबाटै

– बाँकी पृष्ठ २ मा

# न्यायाधीशमाथि बलात्कारको आरोप

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

कपिलवस्तुका जिल्ला न्यायाधीश भुवन गिरिमाथि बलात्कारको आरोप लागेको छ । बलात्कारको आरोपमा मानव अधिकार आयोगमा समेत उजुरी परेको छ । मानव अधिकार आयोगमा समेत उजुरी परेपछि प्रहरीले पनि उजुरी लिएर अनुसन्धान सुरु गरेको छ ।

जिल्ला न्यायाधीश गिरिमाथि एक जना महिलाले बन्धक बनाएर यौन शोषण गरेको आरोप लगाएकी हुन् । आफूमाथि बलात्कार आरोप लागेपछि न्यायाधीश गिरिले ती महिला विरुद्ध पनि चोरेको काउण्टर आरोप लगाएका छन् ।



आफूमाथि बलात्कार आरोप लागेपछि न्यायाधीश गिरीले ती महिला विरुद्ध चोरेको काउण्टर आरोप लगाएका छन् ।

न्यायाधीश गिरीले महिलाविरुद्ध चोरीको उजुरी दिएको कपिलवस्तुका एसपी प्रेम बहादुर बस्नेतले बताए । 'महिलाले बलात्कारको उजुरी दिनुभएको छ, दुवै उजुरीबारे प्रारम्भिक अनुसन्धान सुरु गरेका छौं' उनले भने ।

पीडित महिलाले सुरुमा दिएको बलात्कारको जाहेरी प्रहरीले दर्ता गर्न अस्वीकार गरेको थियो । प्रहरीले जाहेरी दर्ता नगरेपछि ती महिलाले एक साताअघि राष्ट्रिय मानव अधिकार आयोग र महिला आयोगमा उजुरी गरेकी थिइन् । दुवै आयोगले प्रहरीलाई जाहेरी दर्ता गर्न पत्राचार गरेका थिए । न्यायाधीश गिरीले आफूलाई ५ वर्षदेखि बन्धक बनाएर यौन

– बाँकी पृष्ठ २ मा



कुल सिट ८९



कुल सिट २०



कुल सिट १०



कुल सिट ६

अन्य — कुल सिट १४



कुल सिट ७८



कुल सिट १४



कुल सिट ३२



कुल सिट १२

## अन्तिम मतपरिणाम

# प्रष्ट भयो आकार

## एकीकृत समाजवादीले कटाएन थ्रेस होल्ड

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

आमनिर्वाचन-२०७९ को अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । निर्वाचन आयोगका अनुसार, यो चुनावमा समानुपातिकतर्फ एक करोड ५ लाख ६७ मत सदर भएको छ । सदरमत मध्ये नेकपा एमालेले सवैभन्दा धेरै मत पाएको छ । एमालेले २७.३१ प्रतिशत अर्थात् २८ लाख ४५ हजार

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# दुई पूर्वव्यवसायी सांसदलाई संघको बधाई र शुभकामना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० मंसिर

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पूर्व ब्यवसायीसमेत रहेका प्रतिनिधिसभाका नवनिर्वाचित सांसदद्वय एलपी साँवा लिम्बू र कृष्णकुमार श्रेष्ठ (किसान)लाई सम्मान गरेको छ ।

संघका संयोजक विमल ढकालको सभापतित्वमा मंगलबार राजधानीमा आयोजित कार्यक्रममा संघका संयोजक, पूर्व अध्यक्ष, संघको तदर्थ कार्यसमिति सदस्य तथा अग्रज वैदेशिक रोजगार व्यवसायीहरुले खादा र माला लगाएर नवनिर्वाचित सांसदद्वयलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गरे । प्रत्युत्तरमा सम्बोधन गर्दै नवनिर्वाचित सांसदद्वयले




वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन नीति निर्माण तहमा आवश्यक पहल गर्ने प्रतिवद्धता जनाए । संघका पूर्वअध्यक्ष समेत रहेका

– बाँकी पृष्ठ २ मा

## पोर्चुगलको नाममा २७ लाख ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारका लागि पोर्चुगल पठाइदिन्छु भन्दै २७ लाख रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । वैदेशिक रोजगार विभागको आग्रहमा प्रहरीले भक्तपुर गट्ठाघरबाट झापाको कन्काई नगरपालिका ७ घर भई भक्तपुर गट्ठाघर बस्ने ३८ वर्षीय सञ्जिव आचार्यलाई पक्राउ गरेको हो ।

– बाँकी पृष्ठ २ मा

**Urgently Required**

A well established foreign employment company is looking for the following staff.

**Office Secretary (Female) — 2 Nos.**

Requirements:
- Bachelor's Degree from a recognized university.
- Fluent in English (Speaking, Reading & Writing).
- Competent in IT and must be able to operate MS office.

**Office Documentation (Male/Female) — 2 Nos.**

Requirements:
- 10+2 passed from a recognized university.
- Should have good computer knowledge.
- Should have knowledge of MS Office and Photoshop.

**Public Relation Officer (Male/Female) — 2 Nos.**

Requirement :
- Maintaining good relations with agent and applicants.
- Work under rules and regulations of office and Baideshik Rojgar Bibhag.
- Provide only right informations to the clients.

Salary is Negotiable

Preference will be given to candidate with experience in similar fields.

*Sent CV to : cvtimesmanpower944@gmail.com including your post and salary.*

**TMS Times Management System Pvt. Ltd.**
Gongabu, Tokha Kathmandu, Nepal
Tel : 01-5906211, 5907211
Govt. Lic. No.: 944/067/68

**बिना लगानी कतारमा वैदेशिक रोजगारको अवसर**

**FREE VISA ! FREE TICKET ! NO PAYMENT !**

कम्पनी : TEA TIME — शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०६/०५ — चलानी नं.: ६०१८८०८५ — L.T. No.:272259 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 9 | 0 | | 1400 | ४९,८४० | | | | | | | |
| 3. | General Clean Worker | 2 | 0 | | 1200 | ४२,७२० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**फाइनल अन्तर्वार्ता २०७९ मंसिर २८ गते (14 Dec. 2022) मेनपावर कार्यालय, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**

LIC. NO. 746/064/065

कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 98510-96808, 98510-34986, 98510-11886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

**वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि**

**तालिम खुल्यो**

**कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड**

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



**माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर**, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# कोरियामा कमाएको डेढ करोड बंगुर पालनमा

**कमल कुमार बस्नेत/रासस**
काठमाडौं, २० मंसिर



गत जेठमा बंगुरमा लाग्ने 'अफ्रिकन स्वाइन फ्लु'को प्रकोप देखियो । मुलुकका विभिन्न क्षेत्र हुँदै यसको संक्रमण काभ्रेपलाञ्चोकका बंगुर फार्मसम्म पुग्यो । यसले त्यस क्षेत्रका बंगुरहरु फार्मभित्रै मर्न थाले । दक्षिण कोरियाबाट फर्केर सुनिल र अनिता स्याङ्तान दम्पतीले एक वर्षअघि शुरु गरेको 'उन्नती हाम्रो बंगुर फार्म' पनि अफ्रिकन स्वाइन फ्लुको संक्रमणबाट अछुतो रहेन ।

अफ्रिकन स्वाइन फ्लुले स्याङ्तानको फार्ममा ३८ वटा माउ बंगुर माऱ्यो । माउ बंगुर नै नरहेपछि तीन सय ८० भन्दाबढी बच्चा दूध खान नपाएर मरे । यसले स्याङ्तान दम्पतीलाई व्यवसायको पहिलो वर्षमै ठूलो धक्का लाग्यो । 'जेठमा अफ्रिकन स्वाइन फ्लु नआएको हुँदो हो त बंगुर फार्ममा गरेको डेढ करोड लगानी उठिसकेको हुन्थ्यो,' सुनिलले भने, 'अफ्रिकन स्वाइन फ्लु संक्रमणको जोखिम अझै पनि छ ।'

बंगुरपालनको पहिलो वर्षमा प्रतिफल लिने समयमा स्वाइन फ्लुका कारण व्यवसायमा नराम्रो धक्का लागे पनि स्याङ्तान दम्पतीले भने हरेस खाएको छैन । मलेसियामा छ वर्ष नौ महिना सेक्युरिटी गार्डको काम गरेपछि सुनिल २०७१ सालमा नेपाल फर्किए । त्यो बेलामा दक्षिण कोरिया जानका लागि भाषा परीक्षाको तयारी चलिरहेको थियो । उनले पनि बागबजारको इन्स्टिच्युटमा भाषा परीक्षा पढ्न थाले । काभ्रेपलाञ्चोक खानिखोला-६ का स्याङ्तानले दुई महिनाको तयारीमा भाषा परीक्षा उत्तीर्ण गरे । अर्को छ महिनामा इपिएसमार्फत् दक्षिण कोरियामा कृषि क्षेत्रमा कामका लागि छनोट भए । उनलाई दक्षिण कोरियामा बंगुर फार्ममा काम मिल्यो । पैसा राम्रो भए पनि दुःख असाध्यै थियो । स्याङ्तानले त्यसलाई दुःखका रुपमा नलिई सिक्ने अवसरका रुपमा लिए । कोरियामा काम गर्दा बंगुरलाई कृत्रिम गर्भाधारण गर्नेदेखि हुर्काउने र बजार पठाउनेसम्मको कामको जिम्मेवारी उनकै काँधमा आइपऱ्यो ।

त्यसो त कोरिया जानुअघि सुनिल र अनिता लामाको विहे भएको थिएन । कोरिया जाँदा पहिलो वर्ष सुनिल बंगुर फार्ममा र अनिता स्ट्बेरी फार्ममा काम गरे । त्यसको दुई वर्षपछि २०७४ मा नेपाल फर्किएर विवाह गरे । 'विहेपछि दुवै कोरिया फर्कियौँ र एउटै बंगुर फार्ममा काम गर्न थाल्यौं,' उनले भने, 'दुवै जना सँगै भएकाले काम गर्न सजिलो पनि भयो भने बंगुरपालनबारे धेरै सिक्ने मौका पनि पायौँ ।'

कोरियामा श्रमिकका रुपमा पाँच वर्ष बिताएपछि सम्झौताबमोजिम उनीहरु नेपाल फर्कने समय आयो । उनीहरुले नेपाल फर्केर के गर्ने भन्ने योजना बनाउँदै गर्दा कोरियामा सिकेको सीप, दक्षता र रकम खर्चेर स्वदेशमै बंगुरपालन गर्ने निर्णय लिए । 'हामी कोरियामै छँदा नै नेपाल फर्केपछि बंगुरपालन नै गर्ने सोच बनाइसकेका थियौं,' उनले भने, 'दुवैको सोच मिलेपछि नेपाल फर्कन सहज भयो ।'

उनीहरु २०७६ फागुनमा नेपाल फर्किए तर चैतदेखि नै कोरोना महामारीले छोयो, राज्यले बन्दाबन्दीको घोषणा गरेकाले बंगुरपालनको योजना केही समय पर धकेलियो । कोरोना महामारीको जोखिम केही कम भएपछि २०७७ असोजमा घरेलु कार्यालयमा फार्म दर्ता गरी कात्तिकदेखि खोर निर्माणको काम शुरु भयो । फार्म निर्माण र कोरियाबाट प्राविधिक सामग्री मगाएर जडान गर्दा २०७८ जेठदेखि मात्रै बंगुरपालन व्यवसाय शुरु भयो । स्याङ्तान दम्पतीले पनौतीमा पाँच रोपनी क्षेत्रफल जमिन वार्षिक ७५ हजार तिर्ने गरी भाडामा लिएर बंगुर फार्म शुरु गरेका छन् । यसमा दक्षिण कोरियामा यो दम्पतीले कमाएको डेढ करोड लगानी भएको छ । फार्म निर्माणमा मात्रै ७५ लाख खर्च भएको छ । 'शुरुमा पाँचखालमा फार्म सुरु गर्ने योजना थियो तर ठाउँ खोज्दै जाँदा पनौतीमा फेला पऱ्यो,' उनले भने, 'फार्मबाट वार्षिक नौ सयभन्दा बढी बंगुर उत्पादन र बिक्री गर्ने योजना बनाएका छौं ।'

स्याङ्तानले बंगुरपालन शुरु गर्दा दोलखाको जिरीबाट २६ वटा ल्यान्डरस जातिको बंगुरको बच्चा ल्याए । केही समयपछि त्यो सङ्ख्यालाई ५० पुऱ्याए । ल्यान्डरस जातिको बंगुरलाई कम दाना खुवाउँदा पनि मासु बढ्ने र माउको दूध पनि धेरै आउने उनको भनाइ छ ।

फार्ममा बंगुरलाई कृत्रिम गर्भाधारणदेखि हुर्काउनेसम्मका चरणका लागि छुट्टाछुट्टै संरचना बनाइएको छ । फार्ममै बंगुरलाई कृत्रिम गर्भाधारण गराइन्छ । माउ र बच्चालाई राख्ने छुट्टै कक्ष छ । बच्चा जन्मिएपछि करिब ३० देखि ३२ दिनसम्म बच्चालाई माउसँग राखेपछि अगल्लै राखिन्छ । बंगुरको बच्चालाई विभिन्न चरणमा गरी छ महिना हुर्काएपछि मासु बिक्रीका लागि योग्य हुन्छ । यस फार्मबाट माउ, बच्चा, हुर्कँदै गरेको बंगुरदेखि वयस्क बंगुर मात्र होइन, बंगुरको बिर्य पनि बिक्री हुन्छ । बंगुर पालनमा धेरै माउका लागि धेरै भाले बंगुर पाल्न सम्भव हुँदैन ।

एउटै भालेको बिर्यबाट धेरैलाई गर्भधारण गराउनका लागि 'सिमन एक्सटेन्डर' प्रयोग गर्ने उनको भनाइ छ । 'सामान्यतयाः एउटा भाले बंगुरबाट निकालेको बढीमा एक सय एमएल बिर्यमा सिमन एक्सटेन्डर मिसाएर एक लिटरसम्म बनाउँछौं,' उनले भने, 'यसो गर्दा एउटा भालेको बिर्यले १८ वटासम्म पोथी बंगुरलाई पुग्छ भने २० घण्टासम्म राख्न सकिने अवधिलाई बढाएर १२ दिनसम्म काम लाग्ने बनाउँछौं ।'

यस्तो बिर्यलाई १७ डिग्री तापक्रममा राख्नुपर्छ । यसका लागि पनि फार्ममा विशेष व्यवस्था गरिएको उनको भनाइ छ । पछिल्लो समय स्याङ्तानले काभ्रेका अन्य बंगुर फार्ममा पनि कृतिम गर्भधारणका लागि सेवा दिँदै आएका छन् । कृत्रिम गर्भधारणको सेवा सहज हुँदा अन्य फार्मलाई भाले बंगुर पाल्नुपर्ने झन्झट पनि हटेको छ ।

फार्ममा करिब ५० वटा माउ राख्न सक्ने क्षमता छ । बंगुरहरुले गर्ने दिसापिसाबलाई सिधै 'सेप्टिक ट्यांकी'मा जाने व्यवस्था मिलाइएको छ । फार्ममा बच्चा राख्नका लागि २६ डिग्रीको तापक्रम भएको कक्षको पनि व्यवस्था छ । फार्म पूर्णरुपमा सञ्चालन आएपछि मासिक एक सय वटा बंगुरका बच्चा जन्मनेछन् भने प्रत्येक छ महिनापछि ती सबै बिक्रीका लागि योग्य हुनेछन् । उनले औसतमा वार्षिक नौ सयभन्दा बढी बंगुर बिक्री गर्ने योजना बनाएका छन् ।

हाल फार्ममा ३० वटा माउ र २० वटा अहिले साना बंगुर छन् । यी बंगुरका लागि उहाँको कम्पनीले चितवन, हेटौंडा र पाटन औद्योगिक क्षेत्रबाट दाना आपूर्ति गर्दै आएको छ । बंगुरपालनमा सामान्यतयाः ४० प्रतिशत खुद नाफा हुनसक्ने उनको भनाइ छ । उनले बजारीकरणका लागि काठमाडौंमा डिलरमार्फत् बिक्री गर्नुका साथै मासु खपतका लागि आफ्नै सेकुवा कर्नर खोल्ने योजना बनाएका छन् । हाल उनीसँग दुई वटा मासु पसल पनि छ ।

स्याङ्तानले हालै व्यवसाय विस्तारका लागि नबिल बैंकबाट सहुलियत ब्याजदरमा र २९ लाख कर्जाका लागि आवेदन दिए । उनका अनुसार स्वाइन फ्लु नभएको भए यो वर्षसम्म उहाँले र दुई करोड आम्दानी गरिसक्थे । अहिले कर्जा लिनुपर्ने अवस्था हुन्नथ्यो । अफ्रिकन स्वाइन फ्लुका कारण डेढ करोड लगानी उठ्न सकेन । यद्यपि स्याङ्तान दम्पती भने आगामी दिनमा बंगुरपालनबाट राम्रो आम्दानी हुनेमा भने ढुक्क देखिन्छन् ।

# नवलपरासीमा भीमराव अम्बेडकरको ६७ औँ परिनिर्वाण

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी २० मंसिर



भारतका प्रथम कानून एवं न्यायमन्त्री भारतीय संविधानका जनक, भारतका गणराज्य बाबा साहेब भीमराव अम्बेडकरको परिनिवार्णको अवसरमा पश्चिम नवलपरासीमा कार्यक्रम आयोजना गरिएको छ ।

पाल्हीनन्दन वडा नं ४ को सभाहलमा एक कार्यक्रमकाबीच अम्बेडकरको ६७ औं परिनिर्वाण दिवस मनाइएको हो । अधिवक्ता मनोज कुमार नागवंशीको अध्यक्षतामा भएको कार्यक्रममा भगवान दास प्रमुख अतिथि थिए ।

कार्यक्रममा विशिष्ट अतिथिमा रवीन्द्र सहानी, विरेन्द्र हरिजनसहितको उपस्थिति थियो । अधिवक्ता नागवंशीले भारतका प्रथम कानून एवं न्यायमन्त्री अम्बेडकरको परिनिर्वाण ६ दिसम्बर १९५६ मा दिल्लीस्थित उनकै घरमा भएको बताए ।

उनका अनुसार बाबा साहेब भीमराव अम्बेडकर एक भारतीय बहुज्ञ, विधिवेत्ता, अर्थशास्त्री, राजनीतिज्ञ र समाज सुधारक थिए । जसले नवबौद्ध अन्दोलनलाई प्रेरणा दिनका साथै दलित जातिका मानिसलाई गरिने भेदभावको विरोधमा अभियान चलाएका थिए । उनी स्वतन्त्र भारतका प्रथम कानुन एवं न्याय मन्त्री र भारतीय संविधानका जनक एवम् भारत गणराज्यका निर्माता थिए ।

कार्यक्रम संचालन हरिजन युवामंचका अध्यक्ष संजय कुमार हरिजन गरेका थिए ।

अम्बेडकर कोलमविय विश्वविद्यालय र लण्डन स्कुल अफ ईकोनोमिक्स दुबैबाट नै अर्थशात्रमा विद्यावारिधिको उपलब्धि प्राप्त गर्नुका साथै कानून अर्थशास्त्र र राजनीति विज्ञानमा शोध कार्य पनि गरेका थिए । पेसागत जीवनको प्रारम्भिक भागमा अर्थशास्त्रका प्राध्यापक र वकालतमा लागेका बाबासाहेब आम्बेडकर पछि राजनीतिमा सक्रिय भए ।

उनले भारतको स्वतन्त्रताको प्रचार प्रसार तथा पत्रिकामा लेख प्रकाशन, राजनीतिक अधिकार हरूको वकालत र जनजाती आदीबासी गरिब विपन्न तथा दलित समुदायको सामाजिक स्वतन्त्रका लागि आवाज उठाई स्वतन्त्र भारतको पुनर्निर्माण तथा विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए ।

राज्य सभाका सदस्य, भारतका प्रथम कानून एवं न्याय मन्त्री, भारतीय संविधान सभाको मसौदा समितिका अध्यक्ष, श्रममन्त्री वायसरायको कार्य परिषद, बम्बई विधान सभा सदस्य सहितका पदमा थिए ।

अमेरिकाको १६ औं राष्ट्रपति अबराहमा लिङ्कनले दास प्रथाको अन्त्य गरे जस्तै संसारमा जात र धर्मको अधारमा हुने दमन शोषणको विरुद्धमा सामाजिक अन्दोलन कर्ता तथा समता मुलक समाजका निर्माणको लागि भारतीय संविधानको रचैता रहेकोले बाबासाहेब भीमराव अम्वेडकर भारतमा मात्र नभई विश्वभरी प्रसिद्ध र लोकप्रिय छन् ।

## आलोपालो...

'बाटो बिराएको राजनीति'को विमोचन समारोहलाई सम्बोधन गर्दै महामन्त्री थापाले नेताहरुले निजी कम्पनी चलाएजस्तो सरकार नचल्ने तिखो टिप्पणी गरेका हुन् ।

'सरकार गठबन्धनकै बन्छ । त्यसमा कुनै शंका छैन । गठबन्धनकै सरकार बनाउने भनेर चुनावमा गएका हौं' महामन्त्री थापा भन्छन् । तर, शीर्ष नेताहरुप्रति उनको तिखो टिप्पणी छ, 'गठबधनको सरकार बनेपछि नेताहरुले निजी कम्पनी चलाएजस्तो पहिलाको जस्तै खासखास कानेखुसी गरेर तँ यो महिनासम्म, तँ यो महिनासम्म भनेर कोठाभित्र कागजमा तमसुक गर्छन् । बाहिर भन्ने आँट गर्दैनन् । लुकाउँछन् । भित्रभित्र परिवारको सदस्यलाई म त बन्छु नि भन्छन् । बाहिर भन्दैनन् । त्यही कुरामा अलि पछि बवण्डर गर्छन् ।' सरकार बनाउन भन्दा सरकार बनाएपछि के गर्ने चिन्ता लिनुपर्ने उनको सुझाव छ । पाँच वर्षसम्म स्थिर सरकार बनाउनुपर्नेमा उनको जोड छ ।

तर, सत्ता घटक नेकपा माओवादी केन्द्रकी नेतृ रेखा शर्मा कांग्रेस र माओवादीबीच आलोपालो सरकार चलाउने सहमति भएको बताउँछिन् ।

बुटवलमा शुक्रबार आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै उनले भनिन् 'आलोपालो प्रधानमन्त्री हुने बाहिर सार्वजनिक भएकै कुरा हो । अहिले कोबाट सुरुवात हुन्छ भन्ने कुराचाहिँ सहमतिमा गर्नुपर्छ भन्ने मलाई लाग्छ ।'

को व्यक्ति प्रधानमन्त्री हुन्छ भन्ने प्रधान नभएको र गठबन्धनबाट के गर्ने भन्ने विषय प्रधान रहेको उनको भनाइ छ । प्रधानमन्त्रीको टुंगो लगाउन शीर्षनेताहरुबीच छलफल भइरहेको उनी बताउँछिन् । उनी थप्छिन्, 'जहाँसम्म प्रधानमन्त्री को हुन्छ भन्ने प्रश्न छ, त्यो सहमतिका आधारमा हुनुपर्छ । हाम्रा शीर्षनेताहरुकाबीचमा एउटा छलफल भयो । निर्वाचनभन्दा अगाडि पनि उहाँहरुले छलफल गर्नुभयो ।'अब बन्ने सरकारले शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने कुरा महत्वपूर्ण भएको शर्मालाई लाग्छ ।

नेता शर्माले भने जस्तै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गठबन्धनको सरकार आलोपालोको सरकार हुने चुनाव अगाडि नै संकेत गरेका थिए । सोही अनुसार माओवादी केन्द्रले चुनावी घोषणापत्र समेत ल्याएको थियो । गठबन्धनमा रहेको नेपाली कांग्रेस र माओवादी केन्द्रले प्रष्ट रुपमा सरकारको दाबी गर्दै चुनावी घोषणापत्र ल्याएका थिए । यस अनुसार प्रचण्ड आफू पहिलो प्रधानमन्त्री बन्ने प्रयासमा छन् । तर, कांग्रेसका कतिपय नेताहरु प्रचण्डको यो भनाइमा सहमत छैनन् । पार्टीभित्रको विरोधी स्वरलाई कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा पनि देखाइरहेका छन् । कांग्रेस सके पाँचै वर्ष कांग्रेसको नेतृत्वमा सरकार बनाउन चाहन्छ । आलोपालो नै गर्ने भए पनि पहिले कांग्रेसले सरकारको नेतृत्व गर्न पाउनु पर्नेमा छ ।

कांग्रेस नेताहरुले गठबन्धनमा सरकार गठन तथा अन्य विषयमा प्याकेजमा डिल गर्न खोजेका छन् । यही सन्देश लिएर कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का प्रचण्ड निवास खुमलटार पुगेका थिए । प्रचण्डसँगको भेटपछि उनले सन्चारकर्मीहरुसँग सरकार गठनको विषयमा नै पछिल्ला भेटघाट केन्द्रित भएको बताएका थिए ।

कांग्रेसले जस्तै नेकपा एकीकृत समाजवादीले पनि सरकार गठनको विषय मात्र भन्दा प्रदेश सरकारहरुसहित अन्य नियुक्तिलगायतका विषयमा ठोस प्रस्ताव र प्याकेजमा डिल गर्न सक्नु राम्रो हुने बताइरहेको छ ।

तर, गठबन्धनमा सही रुपमा सहमति कार्यान्वयन हुन नसक्ने समस्या आउन सक्ने भनी माओवादी केन्द्रका नेताहरु बार्गेनिङ गरिरहेका छन् । कुनै हालतमा आलोपालो सरकारको नेतृत्व हुनुपर्नेमा माओवादीका नेताहरु बताउँछन् ।

प्रधानमन्त्रीका साथसाथै गठबन्धनका घटकमा सरकारको नेतृत्व सहित र सभामुख तथा उपसभामुखमा पनि आफ्ना उम्मेदवार निर्वाचित गर्न सक्छ । गठबन्धनले प्रदेशसभामा पनि बलियो उपस्थिति बनाएका कारण राष्ट्रपति पद पनि पाउन सहज देखिएको छ ।

निर्वाचन आयोगले अन्तिम निर्वाचन परिणाम बुझाए लगत्तै राष्ट्रपतिले नयाँ प्रधानमन्त्री नियुक्ति प्रक्रिया अघि बढाउने छन् ।

निर्वाचन परिणाम आएको ३० दिनभित्रै संसद्को बैठक पनि बोलाउनुपर्ने व्यवस्था छ । पहिलो संसद् बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गरिसक्नुपर्ने नियम छ । राष्ट्रपति विद्यादेवी भण्डारी र उपराष्ट्रपति नन्दबहादुर पुनको कार्यकाल पनि आगामी फागुनभित्र सकिँदै छ ।

गठबन्धनमा कांग्रेससँग सहकार्य गरिरहेका प्रमुख दुई शक्ति माओवादी केन्द्र र एकीकृत समाजवादीका नेताहरूले नयाँ सरकार बन्नुअघि तीन वटै पदबारे एकसाथ सहमति हुनुपर्ने माग राखेका छन् ।

गठबन्धनको प्रमुख साझेदार दल माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल प्रमुख तीन पदहरू तीन वटा मुख्य दलहरुमा बाँडफाँट हुनुपर्ने बताउँछन् । 'प्रमुख तीन वटा पद जो छन् ती मुख्य तीन पार्टीमा हुने गरि टुंग्याउनुपर्छ', पौडेलले भने ।

नेकपा एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडा पनि आफ्नो पार्टीलाई प्रमुख तीन पद मध्ये एक वटा प्रमुख पद भाग लाग्ने अपेक्षा गरेको बताउँछन् । 'अहिलेसम्म कुन दलले के राख्ने भन्ने भइसकेको छैन । आन्तरिक संवाद तीव्र भएका छन्' खतिवडाले भने ।

कांग्रेसका प्रवक्ता प्रकाशशरण महत छलफलबाट सबै टुंगो लाग्ने बताउँछन् । 'गठबन्धनको नेतृत्व गरेका हिसाबले पनि सबैभन्दा ठूलो दल कांग्रेसले नै सरकारको नेतृत्व गर्छ । बाँकी पदहरुमा कसको दाबी भन्दा पनि छलफलबाट टुंगो लगाइन्छ', महतले भने ।

## चुनावै...

उठ्न थालेका छ । तसर्थ, पनि अध्यक्ष प्रचण्ड वामएकताको नारा लगाएर पुन बलियो दल बन्ने दाउमा देखिन्छन् ।

## न्यायाधीशमाथि...

शोषण गरेको महिलाको आरोप छ । पीडित महिला २०७५ देखी न्यायाधीशसँगै थिइन् ।

आफूविरुद्ध उजुरी गर्ने महिलाविरुद्ध पनि चोरीको आरोप लगाएर न्यायाधीश गिरी लामो बिदामा बसेका छन् । बलात्कार मुद्दाबारे अनुसन्धान गर्न राज्यका विभिन्न निकायबाट लेखेर आएको एसपी बस्नेतले जानकारी दिए । 'प्रारम्भिक अनुसन्धान गर्दै छौं, अहिले पक्राउ गर्नुपर्ने अवस्था छैन' उनले भने ।

## अन्तिम...

६४१ मत पाएको छ । दोस्रोमा नेपाली कांग्रेसले २७ लाख १५ हजार २२५ मत पाएको छ । यो भनेको २६.०६ प्रतिशत हो । तेस्रोमा माओवादी केन्द्रले नै मत पाएको छ । माओवादी केन्द्रले ११ लाख ७५ हजार ६८४ (११.२८ प्रतिशत) मत पाएको छ । चौथोंमा नयाँ दल आएको छ ।

प्रत्यक्षतर्फ सात सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख ३० हजार ३४४ मत (१०.८५ प्रतिशत) पाएको छ । पाँचौंमा राप्रपाले ५ लाख ८८ हजार ८४९ मत (५.६५ प्रतिशत) मत पाएको छ ।

जनता समाजवादी पार्टीले ४ लाख २१ हजार ३१३ मत (४.२४ प्रतिशत) पाएको छ । भर्खरै खुलेको जनमत पार्टीले ३ लाख ९४ हजार ६५५ मत (३.७९ प्रतिशत पाएको छ । यसबाहेक अरु दलले थ्रेसहोल्ड कटाउन सकेन ।

गएको वर्ष एमालेबाट अलग भएको एकीकृत समाजवादीले प्रत्यक्षतर्फ १० सिट जितेपनि समानुपातिकमा तीन प्रतिशतको थ्रेसहोल्ड कटाउन सकेन । एकीकृत समाजवादीले २ लाख ९८ हजार ६५५ मत (२.८७ प्रतिशत) मात्रै पाएको छ ।

यसअघि राष्ट्रिय दलको रुपमा रहँदै आएको लोकतान्त्रिक समाजवादी पार्टीले पनि यसपटक थ्रेसहोल्ड कटाउन सकेन । लोसपाले एक लाख ६७ हजार ३६७ मत (१.६१ प्रतिशत) मात्रै ल्यायो । समानुपातिक तर्फको नतिजा सार्वजनिक भएसँगै अब दलहरुको आकार समेत तय भएको छ ।

समानुपातिकतिर एमालेले धेरै मत पाएपनि कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ । प्रत्यक्षतर्फ ५७ सिट जितेको कांग्रेसले समानुपातिकतर्फ ३२ सिट पाउनेछन् । ४४ सिट जितेको एमालेले समानुपातिकमा ३४ सिट, १८ सिट प्रत्यक्षमा जितेको माओवादी केन्द्रले समानुपातिकमा १४, सात सिट प्रत्यक्ष जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले १३ सिट पाउनेछ ।

राप्रपाले समानुपातिकमा ७, जसपाले ५ र जनमत पार्टीले पनि ५ सिट नै पाउनेछन् । प्रत्यक्षतर्फ राप्रपाले ७, जसपाले ७ र जनमत पार्टीले एक सिट जितेको छ । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सांसद चयन हुने व्यवस्था छ ।

## दुई ...

सांसद लिम्बूले वैदेशिक रोजगार क्षेत्रले युवा बेरोजगारीको अल्पकालीन भएपनि अन्त्य गरी देशको अर्थतन्त्रलाई चलायमान बनाउने महत्वपूर्ण भूमिका खेलेको विषयमा आफू जानकार रहेको भन्दै वैदेशिक रोजगार व्यवसाय र व्यवसायीहरुको समस्या र गर्नुपर्ने सुधारका बारेमा संसदमा आवश्यक आवाज उठाउने बताए ।

उनले भने, 'वैदेशिक रोजगार क्षेत्र, यसले पुऱ्याएको योगदान र यस क्षेत्रमा जोडिएका समस्याबारे म भन्दा जान्ने अर्को व्यक्ति संसदमा हुने छैन, मैले आवश्यकता अनुसार आवाज उठाउने छु ।'

पूर्वमन्त्री तथा अर्का नवनिर्वाचित सांसद श्रेष्ठले आफूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको हैसियतले काम गरिसकेको हुँदा समस्या र समाधानका विषयमा पर्याप्त जानकारी हासिल गरेकोले संसदमा सोही अनुसारको भूमिका खेल्ने आश्वासन दिए ।

केही समय अघि आफू पनि व्यवसायी रहेको बताउँदै उनले केही व्यवसायीका कारणले वैदेशिक रोजगार व्यवसायले समाजमा अपेक्षा अनुसारको सम्मान हासिल गर्न नसकेको भन्दै जानीबुझी वैदेशिक रोजगारीमा जाने विपन्न अवस्थाका कामदार ठग्नेलाई कारबाही र राम्रा काम गर्ने व्यवसायीलाई सम्मान गर्ने परिपाटीको विकास गर्नु आवश्यक रहेको बताए । सांसद श्रेष्ठले पनि वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित गर्न संसदमा उपयुक्त भूमिकाका लागि सदैव तत्पर रहने बताए ।

कार्यक्रमका सभापति ढकालले सांसदद्वयलाई आम व्यवसायीहरुको तर्फबाट बधाई तथा शुभकामना व्यक्त गर्दै स्वदेशमा रोजगारीको पर्याप्त अवसर सिर्जना नहुँदासम्म वैदेशिक रोजगारमा जानै पर्ने अवस्था रहने भएकोले सबै पक्षबाट यस क्षेत्रलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन आवश्यक रहेको धारणा राखे ।

अघिल्लो प्रतिनिधिसभामा सांसद लिम्बु र पूर्वमन्त्री श्रेष्ठले वैदेशिक रोजगारीको क्षेत्रको सुधारका लागि पर्याप्त आवाज उठाएको आम व्यवसायीले अनुभूति गरेको भन्दै संयोजक ढकालले आागामी दिनमा पनि सोही अनुसारको भूमिका अपेक्षा गरिएको बताए ।

संघका पूर्व अध्यक्षसमेत रहेका लिम्बू झापा निर्वाचन क्षेत्र नं ४ बाट दोस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् भने तनहुँ निर्वाचन क्षेत्र नं १ परिवर्तन गरी बारा जिल्लाको क्षेत्र नं ४ बाट उम्मेदवार बनेका श्रेष्ठ पनि दोस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् ।

## पोर्चुगलको...

महानगरीय अपराध महाशाखाका अनुसार आचार्यले उमेश अधिकारीसहित चार जनालाई पोर्चुगल पठाउने र मासिक एक लाख रुपैयाँ कमाइ हुने प्रलोभनमा पारी २७ लाख रूपैयाँ ठगी गरेको उजुरी परेपछि उनलाई पक्राउ गरिएको हो ।

पोर्चुगल जान प्रतिव्यक्ति १२ लाख रुपैयाँ लाग्ने बताउँदै चार जनाबाट २७ लाख रुपैयाँ लिएर आचार्य फरार भएका थिए । वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद थप गरी थप अनुसन्धान तथा कारबाहीका लागि आचार्यलाई थुनामा राखिएको प्रहरीले बताएको छ ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/०६/१३ गते बिहान २:०० बजेको समयमा हरिपूर्वा न.पा.-६ आफ्नै घर अगाडी पार्किङ्ग गरि राखेको अवस्थामा बा.प्र. ०२-०३१ प. २४६१ नम्बरको **200 NS FI ABS** बजाज कम्पनीको पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**सवारी धनी: प्रमोद कुमार राय**
**च्यासिस नं: MD2A36IX4MCA82612**
**इन्जिन नं: JLXCMA34479**
**सम्पर्क: ९८४४५४२६२**


**तारकेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दाङसिङ, नुवाकोट, बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :२०७९/०८/२१**

यस कार्यालयबाट आव्हान गरिएका तपशिल बमोजिमका ठेक्कामा प्राप्त बोलपत्र मध्ये निम्नानुसार बोलपत्र न्युनतम मुल्यांकन सारभूत रुपमा प्रभावग्राही भै स्विकृतीको लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्र संग सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S/N | Contract / Identification No | Name of Contract | Name of Lowest Evaluated Substantially Responsive Bidder | Bid Price of Lowest Evaluated Substantially Responsive Bid (Excluding VAT and Others) |
|---|---|---|---|---|
| 1 | TRM/NUW/TB/NCB/G01/079–080 | Fabrication of steel parts and transportation up to road head of dhadkharka khola(chalise) Trail bridge | Inter–Tech Pvt. Ltd., Butwal, Nepal | 14,43,289.91\|– |

**प्रमुख प्रशासकीय अधिकृत**


**Zero Cost Recruitment Oppurtunity For Malaysia!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर**

**कम्पनी: ALUMINIUM ALLOY SMELTER INDUSTRIES SDN.BHD.**

**पूर्व स्वीकृत मिति: २०२२/०८/०८** **चलानी नं.: ६०१८४८७४** **LT. No.: 268948** **पुनः विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Reva Overseas Pvt. Ltd.**
Govt Lic. NO. 1070/073/074
Sinamangal-09, Kathmandu, Phone : 4591430
Mob.: 9851238207, 9851119680
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np

## कालीकोट बम विस्फोट घटना

# पीडितलाई राहत उपलबध्ध गराउन इन्सेकको सुझाव

**मानबहादुर बिश्वकर्मा/मध्यान्ह**
कालीकोट, २० मंसिर



कालीकोटको तिलागुफा नगरपालिका-१० स्थित रानावाडामा दुई जना बालिकाको ज्यान जाने गरी कात्तिक १२ गते भएको बम विस्फोटको घटनाका पीडित मृतकका परिवारलाई राहत र घाइतेहरुलाई उपचार खर्च उपलब्ध गराउन इन्सेकले सरकारलाई सुझाव दिएको छ । इन्सेक, मानवअधिकार रक्षक जिल्ला सञ्जाल कालीकोटले मंगलबार जिल्ला सदरमुकाम मान्ममा आयोजित कार्यक्रममा प्रतिवेदन सार्वजनिक गर्दै उक्त सुझाव दिएको हो ।

घटनाका बारेमा कात्तिक २५ र २६ गते घाइतेहरुको अवस्थाका विषयमा इन्सेकले स्थलगत अनुगमन गर्दै मृतकका अभिभावकसँग भेटघाट समेत गरेको थियो । संकलन टोलीको प्रतिवेदनमा स्थानीय प्रशासनले घाइते बालबालिकाको उचित उपचार, राहत, उच्च शिक्षा, रोजगारी तथा क्षतिपुर्तिका लागि तत्काल यथोचित कदम चाल्न तीनै तहका सरकारलाई सुझाव दिएको छ । प्रतिवेदनमा घटनामा मृत्यु भएकाको परिवारलाई राहत र घाइतेको उपचारका लागि जिल्ला सुरक्षा समितिले तत्काल कदम चाल्नुपर्ने सुझाव दिइएको छ ।

साथै कार्यालयले यस्ता घटना दोहोरिन सक्ने भएकाले प्रहरी प्रशासन, संघसंस्था, नागरिक समाज, स्थानीय सरकारले विस्फोटक पदार्थबाट हुने नोक्सानी, भेटिन सक्ने सम्भावित स्थलहरुमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, घटनाका घाइते बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा उपलब्ध गराउनुपर्ने सुझाव छ। नेपाल सरकारले द्वन्द्वकालीन समयमा बढी प्रयोग गरिएका स्थानमा बेवारिसे बमहरू फेला पर्न सक्ने सम्भावना भएकाले देशव्यापीरुपमा खोजी अभियान पुनः सञ्चालन गर्नुपर्ने, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, नेपालको संविधान, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालबालिकालाई प्रदान गरेका विशेष अधिकार र संरक्षणको जिम्मेवारी तीनै तहका सरकारले लिनुपर्ने समेत प्रतिवेदनले सुझाव दिएको छ ।

२०५२ फागुन १ गतेबाट चलेको १० वर्ष लामो सशस्त्र द्वन्दको अन्त्य भएको १६ वर्ष भइसक्दा समेत समय-समयमा विस्फोटका घटना हुनुलाई द्वन्द्वको अवशेषका रुपमा लिएको छ । सो घटनामा परी तीन वर्षीया झरना थापाको घटनास्थलमै मृत्यु भएको थियो भने पाँच वर्षीया सरस्वती रानाको उपचारका क्रममा कर्णाली प्रदेश अस्पताल सुर्खेतमा मृत्यु भएको थियो ।

घटनामा घाइते चार जनालाई उपचारका लागि हेलिकोप्टरमार्फत कर्णाली प्रदेश अस्पताल सुर्खेतमा पुर्‍याइएको थियो । घाइते आठ वर्षीय कमल थापा, तीन वर्षीया दर्शना राना र पाँच वर्षीय मुस्कान थापा प्रदेश अस्पतालमा उपचार पश्चात मंसिर १३ गते डिस्चार्ज भएका छन् । कात्तिक १२ गते बिहान ८ बजेको समयमा बेवारिसे अवस्थामा फालिएको बम केटाकेटीले खेलौना ठानी खेलाउँदा विस्फोट भएको थियो ।

बेवारिसे अवस्थामा राखिएका विस्फोटक पदार्थ प्रभावकारीरुपमा निष्क्रिय नहुँदा यस्ता घटना प्रत्येक वर्ष हुने गरेको इन्सेक कर्णाली प्रदेश कार्यालय संयोजक नारायण सुवेदीले बताए । घाइतेको तत्कालीन उपचार खर्च तिलागुफा नगरपालिकाले व्यहोरेको भएपनि मृतकका परिवारले हालसम्म राहत तथा क्षतिपूर्ति नपाएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी मृतक तथा घाइतेका परिवारको आर्थिक अवस्था कमजोर रहेकाले घाइते बालबालिकाको उपचारमा सरकारी तथा गैरसरकारी निकायबाट नियमित सहयोग गर्नुपर्ने अध्ययन प्रतिवेदनबाट देखिएको उनले बताए । राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश प्रमुख लोकनाथ बास्तोलाले मृतक तथा घाइतेका परिवारको अवस्था कमजोर रहेकाले विभेद नहुने गरी राहत दिलाउनका लागि केन्द्र सरकारसँग पहल गर्ने समेत प्रतिबद्धता जनाएका छन् ।

# रुपन्देही २ मा पुनः मतदानको माग गर्दै सर्वोच्चमा रिट

**बुटवल/मस–** रुपन्देही क्षेत्र नम्बर २ मा पुनः मतदान/मतगणनाको माग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार गणेश पौडेलले सर्वोच्चमा रिट दायर गरेका छन् ।

बाणिज्य क्याम्पसको बुथ ज र बुटवल १२ को चारवटा बुथमा पुनः मतगणना र मतदानको माग गरेका हुन् । उनले बिष्णु पौडेलको सपथ रोक्न र संसद जानसमेत नदिन माग गर्दै रिट दायर गरेको बताए । मतदान र मतगणनाको क्रममा धाँधली भएको उनको दाबी छ ।

'मतगणनाको क्रममा भएको धाँधली र मतदानको दिन भएको धाँधलीको विरुद्ध पुनः मतगणना सहित पुनः मतदानको माग राख्दै मंगलबार सर्वोच्च अदालतमा रिट दायर गरेको छु,' उनले भने, 'आशा गरौं अदालतले निष्पक्ष न्याय दिलाई जनताको अभिमत माथि भएको प्रहारलाई गलत साबित गर्ने छ ।' मंसिर ४ गते भएको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार गणेश पौडेल र नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलबीच कडा प्रतिस्पर्धा भएको थियो । चुनावमा एमाले उपाध्यक्ष विष्णु पौडेलसँग एक हजार ३६६ मतले गणेश पौडेल पराजित भएका थिए ।


## गण्डक हस्पिटल प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/२१ गते बुधबार**

मधेश प्रदेश, पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. १४, स्थित गण्डक हस्पिटल प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **गण्डक हस्पिटल प्रा. लि.**, वीरगंज महानगरपालिका वडा नं-१४, पर्सा<br>सम्पर्क नं. ९८५५०२६५८० |
| **प्रस्तावको व्यहोरा** | विभिन्न रोगहरु सम्बन्धी बिरामीहरुको स्वास्थ्य उपचारको लागि बहुविशेषज्ञ चिकित्सा सेवा सहित १०० शैया क्षमताको गण्डक हस्पिटल निर्माण तथा सञ्चालन गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका** | पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. १४ |

माथि उल्लिखित १०० शैया क्षमताको अस्पताल प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यवस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. १४, तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य-चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय-सुझाव लिन आवश्यक भएकोले तल उल्लिखित मिति, समय र स्थानमा उपस्थित भई आफ्नो अमूल्य राय-सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :**
मिति : २०७९ साल मङ्सीर २७ गते, मंगलबार ।
स्थान : पर्सा जिल्ला, वीरगंज म.न.पा.-१४, स्थित स्पर्श गण्डक हस्पिटलको प्राङ्गण ।
समय : बिहान ११:०० बजे ।


# नेपाल संवत्‌लाई राष्ट्रिय रुपमा मान्यता दिन आवश्यक : मन्त्री श्रेष्ठ




**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले नेपाल संवतलाई राष्ट्रिय रुपमा मान्यता दिन आवश्यक रहेको बताएका छन् ।

मंगलबार नेपाल प्रज्ञा प्रतिष्ठानले नेपाल संवत न्हूँद राष्ट्रिय समारोह समितिसँगको सहकार्यमा आयोजना गरेको नेपाल सवत न्हूँद विषय विद्वत्‌गोष्ठीमा बोल्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री श्रेष्ठले नेपाल सवत्‌लाई राष्ट्रिय रुपमा मान्यता दिनको लागि राष्ट्रिय स्तरमा नै काम गर्न आवश्यक रहेको पनि बताए । उनले नेपाल संवत न्हूँद राष्ट्रिय समारोह समिति समारोह गर्नका लागि मात्रै गठन भएको हो की जस्तो भान हुने गरेको बताए । उनले अहिले शंखधर शाख्वाका नाममा काम गर्ने धेरै संस्थाहरु भएपनि राष्ट्रिय रुपमा प्रचार हुन नसकेको बताए ।

उनले राष्ट्रिय रुपमा प्रचारको लागि शंखधर शाख्वाको नाममा राष्ट्रिय स्तरको प्रतिष्ठान बन्न आवश्यक रहेको बताए । मन्त्री श्रेष्ठले राष्ट्रिय स्तरको प्रतिष्ठान भएमात्रै नेपाल सवत र शंखधर शाख्वाको इतिहास र योगदानको प्रचार हुने बताए ।

उनले भने, 'नेपाल संवत न्हूँद राष्ट्रिय समारोह समिति एउटा समा समारोह गर्न मात्रै गठन भएको जस्तो भएको छ । हाम्रो प्रचलन पनि त्यस्तै छन् । त्यसैले शंखधर शाख्वाका नाममा काम गर्ने कतिपय संस्थाहरु पनि छन् । शंखधर शाख्वाको नाममा राष्ट्रिय स्तरको प्रतिष्ठान आवश्यकता रहेको छ । त्यस्ता प्रतिष्ठानहरु छन् । तर राष्ट्रिय रुपमा नै स्वीकार्य गर्ने रुपमा वा राष्ट्रिय रुपमा प्रतिनिधित्व हुने गरी प्रष्ठिान विकास गरेर अगाडि बढाउनसक्यौ भने शाख्वाका जीवन,योगदान र इतिहासका विषयमा राष्ट्रिय स्तरमा जानकारी लिन सहज हुनसक्छ ।'

उनले नेपाल संवतलाई राष्ट्रिय रुपमा मान्यता दिन पर्यटन मन्त्रालयले गर्नुपर्ने आवश्यक काम अगाडि बढाउन मन्त्रालय तयार रहेको पनि बताए ।


## मलेशिया र साउदीमा रोजगार

१. कम्पनी : UNIQUE SEAFOOD SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५५९६ LT. No.:269733 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 11 | 0 | स. काममा दक्ष | 1500 | ४४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : AL MOOSA AUTOMATIC DOORS FACTORY शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/०७/१४ चलानी नं.: ६०१९०२१५ LT. No.: 274601 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Operator | 3 | 0 | स. काममा दक्ष | 1600 | ५५,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Al Rayan Elite Car Laundries शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०८/२० चलानी नं.: ६०१९२८५३ LT. No.: 277262

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Car Wash Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- मलेशियाको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

3 Brothers
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

## कतारमा रोजगारको अवसर

१. कम्पनीः MODERN TIMBER INDUSTRIES शहर: DOHA
पूर्व स्वीकृत मितिः २०२२/०६/०७ चलानी नं.: ६०१८०५८९ LT. No.: 264529 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upholsterer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Admin Supervisor | 1 | 0 | | 3000 | १०६,८०० | | | | | | | |

३. कम्पनीः Medtel W N WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०५/२८ चलानी नं.: ६०१८७६०१ LT. No.: 271846 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 14 | 0 | | 1200 | ४२,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHI HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 1244/074/075
Basundhara-3, Kathmandu
Tel No.: 4961807, 4962925
Mob. : 980-2067941
Email: info@aarohihrsolutions.com
www.aarohihrsolutions.com

## Cyprus को होटल लाईनमा महिला/ पुरूषहरूलाई रोजगारको अवसर

कम्पनी: Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।०४।२० चलानी नं. ६०१९२८५७ LT.No. 277293

| सि. नं. | कामदारको पद | पूरुष | महिला | न्यूनतम योग्यता | Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 11 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १,१७,१९०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bartender | 02 | 01 | | 700 | ९६,५१०।- | | | | | | | |
| 3 | Houseboy | 02 | 0 | | 500 | ६८,९३५।- | | | | | | | |
| 4 | Waitress | 0 | 02 | | 600 | ८२,७२२।- | | | | | | | |
| 5 | Housekeeping | 0 | 02 | | 500 | ६८,९३५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.४०,०००।- |

नोटः–स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा काम गरेको अनुभव र साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

प्रि–अन्तर्वार्ता भै रहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०७९ मसिर २८ गते (14 Dec., 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Services Pvt Ltd HR Expert
Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom

## साउदीमा रोजगार

१. कम्पनी : KHALID MOUSSA BIN SAEED AL GHAMDI FOUNDATION FOR MEALS शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०८/२० चलानी नं.: ६०१९२८२९ LT. No.:276704

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 5 | 0 | स. काममा दक्ष | 1500 | ५२,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : CHANNEL PLATE FAST FOOD BUFFET शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०८/२० चलानी नं.: ६०१९२८३० LT. No.:277135

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 204/057/058
**इलान इन्टरनेशनल प्रा. लि.**
सामाखुसी, रिङरोड, काठमाडौं, फोन: ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्स: ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np

## बहराइनमा रोजगार

१. कम्पनी : SOUTHERN TOURISM COMPANY शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०७८/१०/१२ चलानी नं.: ६०१७३४४० L.T. No.: 256935 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Boat Diesel Mechanic | 2 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ६९,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner | 0 | 3 | | 100 | ३४,६३४ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 150 | ५१,९५१ | | | | | | | |
| 4. | Labourers | 14 | 0 | | 100 | ३४,६३४ | | | | | | | |
| 5. | mechanic | 2 | 0 | | 180 | ६२,३४१ | | | | | | | |
| 6. | Sea Captain | 5 | 0 | | 250 | ८६,५८५ | | | | | | | |
| 7. | sea man | 5 | 0 | | 350 | १२१,२१९ | | | | | | | |
| 8. | Waiter | 5 | 3 | | 140 | ४८,४८७ | | | | | | | |

२. कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०२१/०२/१८ चलानी नं.: ६०१५४६७९ L.T. No.: 236227 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy | 6 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५१,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Light | 113 | 0 | | 130 | ४५,०२४ | | | | | | | |
| 3. | labour | 3 | 0 | | 100 | ३४,६३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १: रु. १०,०००/- क.नं. २: निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No. : 1261/074/75
**EASY OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Tel.:01-4016539
Mobile Number: 9851176605

## यूएईमा रोजगारको अवसर

कम्पनी : NASS SCAFFORM SERVICES शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/०७/१८ चलानी नं.: ६०१९०५५८ L.T. No.:274965 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Insulation Worker | 24 | 0 | स. काममा दक्ष | 1050 | ३६,४७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Contact Number: 98510-96808, 98510-34986, 98510-11886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
(प्रशासन, योजना तथा दर्ता शाखा)

## सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालनको लागि यस विभागबाट इजाजत पत्र प्राप्त संस्था श्री **ANJALI H.R. SOLUTION PVT. LTD. (ई.प.नं. १२०३/०७३/०७४)** ले यस विभाग समक्ष इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागमा मिति २०७९/०८/१९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०६५/०९/२७ मा दर्ता भएको **दर्ता नं. ५९४०८ को प्रोम्प्ट इन्जिनियरिङ्ग कन्सल्ट प्रा.ली.** को मिति २०७९/०८/२० मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०८/१३ गते बेलुका १७:३० देखि २०:०० बजेको समयमा का.जि.का.म. पा.-१५, स्वयम्भू चिहानघाट अगाडी पार्किङ्ग गरि राखेको अवस्थामा बा.प्र. ०२-०२८ प. १७२९ नम्बरको रातो रंगको होण्डा डियो स्कुटर हराएको हुँदा पाउनुहुने वा देख्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**सवारी धनीः ज्ञान बहादुर तामाङ**
**च्यासिस नं: ३४७२२**
**इन्जिन नं: १०५२०७३**
**सम्पर्कः ९८१३६४४२४९**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७१/०८/२४ मा दर्ता भएको **दर्ता नं. १२९४१० को जेनिथ इन्टरनेसनल ट्रेड प्रा.ली.** को मिति २०७९/०८/२० मा सम्पन्न एकल बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०६६/०२/१९ मा दर्ता भएको **दर्ता नं. ६३२०९ को मोकस हाल्डिङ्ग प्रा.ली.** को मिति २०७९/०८/२० मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ मंसिर २०७९, बुधबार
7 December 2022, Wednesday

सम्पादकीय

## दलहरुले बुझ्नुपर्ने संवैधानिक दायित्व

नयाँ सरकार गठनको गृहकार्य चर्को बनिरहँदा कतिपयले जनादेशकै कारण यस्तो परिस्थिति आइलागेको टिप्पणी गरिरहेका छन् । उनीहरूका मतअनुसार, कुनैपनि दललाई एकल बहुमत नदिइएकै कारण सरकार गठनमा सकस देखिएको हो । यदि नेपाली कांग्रेस, नेकपा एमाले वा अरू कुनै दलले एकल बहुमत ल्याएका थिए भने यस्तो बलजफ्तीको जरूरी पर्ने थिएन । नेपालको संसदीय इतिहासमा २०१५, २०४८ र २०५६ सालको चुनावमा कांग्रेसले एकल बहुमतको सरकार बनाउने जनादेश पाएको थियो । तर मिश्रित निर्वाचन प्रणालीमा गएपछि एकल बहुमतको सरकार बन्ने संभावना न्यून रहेको जानकारहरूले बताउने गरेका छन् । ०७४ कै चुनावमा पनि एमाले १२१ सिट सहित सवैभन्दा ठूलो दल भएपनि एकल बहुमत ल्याउन सकेन ।

तर वाम गठबन्धन गरेर चुनावमा भाग लिएकाले एमाले नेतृत्वमा सरकार बनेको थियो । लगत्तै चुनावी गठबन्धनलाई एमाले र माओवादी केन्द्रले एकतामा रूपान्तरण गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनायो । एकताकै कारण नेकपा सरकार बनाउने बहुमत मात्रै नभएर झण्डै दुई तिहाइकै शक्तिशाली पार्टी बन्यो । तर नेकपाको एकता टिकेन । समय नसकिदै नेकपाको विभाजन, प्रतिनिधिसभा विघटनको निर्णयसँगै विकसित घटनाक्रले फेरि कांग्रेस नेतृत्वकै सरकार बन्न पुग्यो । माओवादी र एकीकृत समाजवादीलाई कांग्रेसले गठबन्धन गरेर चुनावमा भाग लिएको थियो । तर यो चुनावबाट कांग्रेस सवैभन्दा ठूलो दल मात्रै बन्न सक्यो । एकल बहुमत पाएन । झण्डै हाराहारीको शक्ति बनेको एमालेसँग पनि सरकार बनाउने संख्या छैन । यसको पछाडि नयाँ र परपम्परागत शक्तिले अप्रत्यासित मत पाउनु हो ।

संसदको यही बदलियो समीकरणलाई लिएर सरकार निर्माणको सकसलाई स्वभाविक र सामान्य भएको टिप्पणी भइरहेको छ । पक्कैपनि संयुक्त सरकार निर्माण संसदीय समीकरणको सन्देश हो । तर यही जनादेशलाई लिएर राजनैतिक अस्थिरता स्वभाविक हो भन्नु उचित होइन । पहिलो, नयाँ शक्तिलाई जनादेश दिएर नागरिकले राजनीतिक अस्थिरता चाहेका होइनन् । दोस्रो, संसदीय समीकरण जस्तो बनेपनि संवैधानिक व्यवस्था बमोजिम दलहरूले आफ्नो निर्णय लिनु दायित्व हो । तर अहिले गठबन्धनको नाममा आलोपालो प्रधानमन्त्री, मन्त्रीको बार्गेनिङमा समर्थन जस्ता चर्चा सुनिन थालेको छ । यसले लैजाने भनेको मुलुकलाई फेरि अस्थिरतातिर हो । संविधान र व्यवस्था कमजोर बनाउने खेलतिर हो । त्यसैले जनादेशलाई स्वीकार्ने, तर संवैधानिक दायित्वमा रहेर नयाँ सरकार बन्नु आवश्यक छ । संयुक्त सरकार भन्नासाथ अस्थीरतालाई स्वभाविक भन्ने भाष्य रचिनु हुन्न । बिगतको नजीरबाट नेतृत्वले सिकेर अगाडि बढ्न आवश्यक छ ।

# मुलुक बनाउने मार्ग

*भ्रष्टाचार विश्वव्यापी रोग भए पनि यो रोगले नेपाललाई बढी नै थिलथिलो बनाएकाले अब समयमै उपयुक्त उपचार गर्न आवश्यक भइसकेको छ । यसका लागि घोषणापत्रमा भने झैँ नवनिर्वाचित नेतृत्वले पहिलो पाइलाको कामबाट भ्रष्टाचार नियन्त्रणको कामको थालनी गर्नुपर्छ ।*

अग्रलेख



● बेनीबहादुर कार्की

नेपालमा मुलुक बनाउने मन्त्र लामो समयदेखि अहम् प्रश्नको रूपमा रहेको छ । यसको मूल कारण यो सवाल राणाकालदेखि जोडिएको छ । धरहरा, घन्टाघर हुन् वा दरबार हाई स्कुल वा त्रिचन्द्र कलेज । यी सबै विकाससँगै जोडिएर गरिएका काम हुन् । तर, त्यसपछि पनि प्रजातन्त्र, पञ्चायतकाल वा बहुदल, लोकतन्त्र र गणतन्त्रसम्म आइपुग्दासमेत यो प्रश्नको सन्तोषजनक जवाफ नेपाली जनताले पाउन सकेका छैनन् । त्यसैले अब त कसैले देश बनाउँछु भन्यो भने पनि नेपाली जनताले नपत्याउने अवस्था भइसकेको छ । यही भएर यही मंसिर ४ गते भएको निर्वाचनमा मतदातालाई विश्वास दिलाउन कतिपय उम्मेदवारले "घूस खानु आमाको रगत खानु सरहको काम हो" भनेर कसम खाई चुनाव जितेका छन् ।

निर्वाचनमा पनि पहिलेझैं प्रायः सबै दल र स्वतन्त्र उम्मेदवारहरुले पनि आकर्षक घोषणापत्र सार्वजनिक गरेका छन् । उम्मेदवारहरुले मतदातासमक्ष सार्वजनिक गरेको घोषणापत्रलाई नै पत्याउने हो भने यस पटकको निर्वाचनमा उम्मेदवारहरुले सार्वजनिक गरेको घोषणापत्र नै मुलुक बनाउने मन्त्रका लागि काफी छ । तर, यहाँ भयो के भने चुनावमा भोट माग्न मतदाताको घरदैलोमा जाँदा भए नभएको आकर्षक नारा दिने र मतदातालाई झुट्टा आश्वासन दिएर मत लिएर चुनाव जितेपछि पाँच वर्ष तिनै मतदातालाई नाकमुख नै नदेखाएकाले अहिले ठूलो विश्वासको संकट उत्पन्न भएको छ । आफ्ना जनप्रतिनिधिले आफ्नो दायित्व पूरा गर्ने काम नगरेकाले मतदाता रिसाएर स्वतन्त्र उम्मेदवारलाई जिताएकाले नयाँ दल र शक्तिको सिर्जना भएको हो । नेताका झुट्टा आश्वासनबाट धोका पाएका मतदातामा अब पनि पहिलेको जस्तै होला भनेर शंका हुनु स्वाभाविक हो । त्यसैले आजको नयाँ नेतृत्वको पहिलो काम नै यही अविश्वासलाई विश्वासमा परिणत गर्नु पहिलो काम भएको छ ।

यो विश्वासको संकट कसरी आयो भनेर गहिराइमा जान आवश्यक भएको छ । यसको मूल कारण भनेको विगतमा अपवाद बाहेकका नेताहरुले राजनीतिलाई सेवाको साटो पेसा बनाएर हाक्काहाक्की अकूत धनआर्जन गरे । यसको फाइदा परिवारमा मात्र सीमित नभई उनीहरुका नातासम्म फैलियो । पद र पैसा यसरी कुम्ल्याएकाले यसको असर समाजमा नराम्ररी परेको छ । यो क्रम निरन्तर बढ्दै गएकाले आमजनतामा निराशा फैलिँदै गयो । अहिले जनता उकुसमुकुस भएका छन् । यही भएकाले यस पटकको निर्वाचनमा मतदाताको सहभागिता कम भयो । जम्मा ६१ प्रतिशतले मात्र मतदान गरेको निर्वाचन आयोगले जानकारी दिएको छ । कुनै दलको स्पष्ट बहुमत नआउँदा गठबन्धन सरकार बनाउनुपर्ने बाध्यता हुन्छ । यसले हिजोको जस्तो राजनीतिक विकृति ल्याउने हो कि भन्ने आशंका जन्माएको छ ।

यता बहुसंख्यक नेपाली जनता शिक्षा र आर्थिक अभावले ग्रस्त छन् । यही कारणले यसअघि चुनिएका जनप्रतिनिधिहरुले यसको फाइदा लामो समयसम्म लिई नै रहे र अझै पनि यो सम्भावना जीवितै छ । फलस्वरूप केही नेताहरु २०४८ सालदेखि अहिलेसम्म लगातार सांसदमा जितेका छन् । यसरी चुनाव जित्नु एक दृष्टिले राम्रो पनि होला तर, यसले हुँदा पुस्तान्तरण र परिवर्तन हुन पाएन । नयाँ पुस्ताले अवसर पाएनन् । त्यसमा पनि भइरहेको के छ भने अपवादबाहेक नेतृत्वले उमेर, शारीरिक अवस्था र नैतिकतालाई पनि कुनै वास्ता गरेको पाइँदैन ।

कुनै पनि प्रजातान्त्रिक राजनीतिक प्रणाली भएका मुलुकमा नैतिकतालाई उच्च महत्व दिइएको हुन्छ । सुशासन र असल शासन प्रणाली विपरीत गलत कामको असर विस्तारै सबैतिर सर्दै गयो र यो कर्मचारीतन्त्रमा पनि फैलियो । हुँदाहुँदा अहिले त कर्मचारीतन्त्रमा भ्रष्टाचार संस्थागत भइसकेको छ । नेतृत्वको आड र हवालामा कर्मचारीहरुले भ्रष्टाचार गरिरहेको जगजाहेर छ । सरकारी कार्यालयमा मात्र नभई निजी क्षेत्रमा समेत अपवादबाहेक पैसा नदिए कामै नहुने अवस्था सिर्जना भएको छ ।

अहिले त यतिसम्म भइसकेको छ कि समाजमा भ्रष्टाचारीलाई नै सम्मान गर्ने र भ्रष्टाचारको विरोध गरेर धन नकमाउनेलाई अपमान र हेला हुने गरेको छ । यसो भएपछि बाध्य भएर भ्रष्टाचार नगर्नेले पनि भ्रष्टाचार गर्नैपर्ने भएको छ । अब समाजमा भ्रष्टाचार नगर्ने इमानदार मानिस पाउनै मुस्किल पर्ने भएको छ । यो भनेको सुशासनको विपरीत काम भयो । जहाँ सुशासन हुँदैन, त्यो मुलुकमा भ्रष्टाचार र बेथिति मात्र हुन्छ । अहिलेसम्म नेपालमा यही भएकाले विकास हुन नसकेको हो । मुलुकमा राजनीतिक परिवर्तन भए पनि अपेक्षित आर्थिक विकास हुन सकेन । यसले गर्दा नेपाली जनताको जीवनस्तर माथि उठ्न सकेन । अहिले महँगीको मारले बहुसंख्यक नेपालीलाई दुई छाक टार्न धौधौ परेको छ । यस्तै भइरहने हो भने नेपाल पनि निकट भविष्यमा श्रीलंका, बङ्गलादेश र अफगानिस्तान नहोला भन्न सकिँदैन ।



*मुलुक बनाउन सबैभन्दा महत्वपूर्ण काम भनेको हरेक नागरिकमा राष्ट्रवादी भावना आउन आवश्यक छ । अनि कानुनमा भएका व्यवस्थालाई सबैले अक्षरशः पालना गर्नुपर्छ । पालना नगरेकालाई बेलैमा हदैसम्मको सजाय दिएर दण्डित गरी समाजमा कानुनी राज्यको प्रत्याभूति दिन सक्नुपर्छ । यसका लागि प्रथम चरणमै आवश्यक छ, इमानदारिता र नैतिकता ।*

न्यायका नौ सिङ भन्ने नेपालमा प्रचलित भनाइ छ । यही भएकाले कानुन मात्र बनेर भ्रष्टाचार निवारण नहुने र मुलुक पनि नबन्ने निष्कर्ष निस्किसकेको छ । कानुनले मात्र हुने भएको भए ०६२/६३ को आन्दोलनले दुई सय ४० वर्षदेखि शासन गर्दै आएको राजसंस्थालाई नै विस्थापित गणतन्त्रको जग बसालेको छ ।

नेपालमा संघीयताको माध्मबाट संघ, प्रदेश र स्थानीय निकायको सरकार स्थापना गरेर शक्तिपृथकीकरणको सिद्धान्तको पालना गर्दा पनि नेपाली जनताले अपेक्षा गरेअनुसारको काम नभएको आमगुनासो व्यापकरूपमा भइरहेको छ । संघले पुरानै शैलीमा काम गरेकाले सुशासनको प्रत्याभूति दिन सकेको छैन । प्रदेशको अहिलेसम्मको काम प्रभावकारी हुन नसकेकाले खारेजीको चर्चा चलिरहेको छ । स्थानीय निकायलाई घरघरमा सिंहदरबारको नारा दिइएको भए पनि यो निकायले अपेक्षाअनुसार राम्रो काम गर्न नसकेको आमगुनासो आइरहेको छ । यो निकाय पनि भ्रष्टाचारको अखडा बनेको छ । यसको पुष्टि महालेखाको प्रतिवेदनमा बढेको बेरुजुले भएको छ ।

यसपटकको निर्वाचनबाट आएको नेतृत्वले गम्भीर भएर मौजुदा तमाम् विकृतिहरु हटाएर काम गर्न सक्नुपर्छ । यसपटकको निर्वाचनमा आएको पुस्तान्तरण र परिवर्तनको लहरको जितलाई पनि सबैले गम्भीरतापूर्वक लिएर परिवर्तनको संवाहक बन्न आवश्यक छ । यसो भनिरहँदा युवा मात्र भएर पनि भ्रष्टाचार निवारण सम्भव हुँदैन । वि.सं. २०४८ देखि निरन्तर निर्वाचन जितेर सांसद भएकाहरु पनि पहिलोपटक सांसद हुँदा युवा नै थिए । तर, नेपालमा भ्रष्टाचार नियन्त्रण त भएन । जनताले अपेक्षा गरेअनुसार विकास भएन । यो समस्या त झन् झाँगिएर विकराल हुँदै आएको छ । त्यसैले आज युवाको नारा दिएर चुनाव जितेकाले पनि सजिलै भ्रष्टाचार नियन्त्रण गर्छन् भन्न सकिँदैन ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने एउटै उपाय छ, त्यो के भने हरेक सार्वजनिक पदधारण गरेकाले म भनेर आफैँ शपथ खान आवश्यक छ । कारण भ्रष्टाचार नियन्त्रण गर्न त्यति सजिलो छैन । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको प्रतिवेदनबाट यो पुष्टि भएको छ । अब भ्रष्टाचार नियन्त्रण गर्न प्रधानमन्त्रीदेखि गाउँपालिका सदस्यसम्म र मुख्यसचिवदेखि कार्यालय सहयोगीसम्म जो जहाँ छौँ सबैले आफ्नो ठाउँमा आत्मादेखि इमानदार हुन जरुरी छ । नेपाली जनताको करले तलब खाएर काम गरेकाले जनताप्रतिको दायित्व बोध गर्न आवश्यक छ ।

नेपालमा भ्रष्टाचार निवारण गर्न आमाको रगतको कसम खाएजस्तै कसम सबैले खान जरुरी छ । नभए त भ्रष्टाचार निवारण गर्न नियुक्त गरिएका यसअघिका अख्तियारका पदाधिकारीहरुले नै गलत काम गरेर कारबाहीमा परेका होइनन् र ? त्यसैले भ्रष्टाचार नहुन कडा कानुनका साथै सम्बन्धित सबैले आत्मादेखि दृढ संकल्प गर्न जरुरी छ । यसका साथै भ्रष्टाचारीलाई समाजले नै तिरस्कार गर्ने र इमानदारलाई सम्मान गर्ने प्रचलनको थालनी गर्न पनि आवश्यक छ । अनि मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ र मुलुक पनि बन्छ ।

भ्रष्टाचार विश्वव्यापी रोग भए पनि यो रोगले नेपाललाई बढी नै थिलथिलो बनाएकाले अब समयमै उपयुक्त उपचार गर्न आवश्यक भइसकेको छ । यसका लागि घोषणापत्रमा भने झैँ नवनिर्वाचित नेतृत्वले पहिलो पाइलाको कामबाट भ्रष्टाचार नियन्त्रणको कामको थालनी गर्नुपर्छ । अनि कर्मचारीतन्त्रले यसको इमानदारीपूर्वक अनुशरण गर्न जरुरी छ । मुलुक बनाउन सबैभन्दा महत्वपूर्ण काम भनेको हरेक नागरिकमा राष्ट्रवादी भावना आउन आवश्यक छ । अनि कानुनमा भएका व्यवस्थालाई सबैले अक्षरशः पालना गर्नुपर्छ । पालना नगरेकालाई बेलैमा हदैसम्मको सजाय दिएर दण्डित गरी समाजमा कानुनी राज्यको प्रत्याभूति दिन सक्नुपर्छ । यसका लागि प्रथम चरणमै आवश्यक छ, इमानदारिता र नैतिकता । सिङ्गापुरका लिक्वान हुन् वा मलेसियाका माहाथीर वा भारतका नरेन्द्र मोदीले मुलुकलाई सुशासनको बाटोमा मात्र हिँडाएनन्, समृद्ध राष्ट्रको उदाहरण प्रस्तुत गरे । अब नेपालमा नयाँ पुस्ताबाट यस्तै नेतृत्व जन्मन जरुरी छ । अनि मात्र नेपाल बन्छ । मुलुक बनाउने मूलमन्त्र पनि यही नै हो ।

*(लेखक कार्की वरिष्ठ अधिवक्ता एवम् वरिष्ठ पत्रकार हुन् ।)*

## सामाजिक सञ्जाल



**- नवराज पन्त**

नेपाल राष्ट्र बैंक यदि विवेकी संस्था हो भने यतिखेर धितोको मूल्यांकन दायरा खुकुलो पार्नुपर्छ, त्यसले मध्यम वर्गीय ऋणीलाई ऋण गर्दै धितो थप्ने बोझबाट मुक्त गराउन सक्छ । अहिले अधिकांश ऋणीले ऋण गर्दै दोब्बर ब्याज भूक्तानी गरेकोका छन् । यो स्थिति कायम हुँदा धनीले गरिबको सबै सम्पत्ति लुट्न सक्छ ।



**- मानबहादुर चन्द**

व्यक्तिको शासन चाहिएको कि विधिको शासन ? यदि विधिको शासन चाहिन्छ भने प्रधानमन्त्रीको लागि किन मरिहत्ते ? विधिले प्रधानमन्त्रीलाई बाँधेर राख्नुपर्छ अनि के फरक पर्ला सातै पटक भए पनि । सेवा त प्रधानमन्त्रीले भन्दा बढी अरूले पाउनेछन् ।



**- नीलाम्बर आचार्य**

बिजनेसमा आफ्नो नाफा नोक्सान हेरिन्छ, राजनीति व्यापार होइन, राजनीतिमा त्यसो हुँदैन । देश र जनताको भविष्य कुनै व्यक्तिको नाफा-नोक्सानसित जोड्न हुँदैन । सरकार बनाउने समीकरण गर्दा विचार पुऱ्याउनु । राजनीतिलाई नमैल्याउनु, इतिहासले के भन्ला सोच्नु ।



**- रामकुमार श्रेष्ठ**

आफ्नो कमजोरी थाहा पाउनु नै सबैभन्दा ठूलो सफलता हो र वास्तविक सफलताको रहस्य यहीँभित्र हुन्छ । यो कसीबाट हेर्दा, नेपाली राजनीतिको यथार्थता स्पष्ट हुन्छ । ठूला-ठूला र चर्का कुरा गरेर नीतिगत दृष्टिकोणबाट हेर्दा छनकसमेत देखाउन नसक्नाले आफ्नो कमजोरी लुकाउन अरूको आलोचनामा व्यस्त छन् ।



**- कमल रिजाल**

एक पद, एक व्यक्ति र एकचोटि मात्र । योभन्दा अर्को विकल्प छैन । नत्रभने एउटै व्यक्ति सबै ठाउँ र सधैं सत्ता हत्याउने खेलमा निर्लिप्त हुने । नेपाल र नेपालीले जे सुकै भनुन् यस्तै नेता मात्र जन्मिने हुन्; जे-जे गर्छौं गर तर, मेरो गाथ-गद्दि नताक् भन्ने मात्र भेटिनु सामान्य हुनेछ ।

# भारतीय रवैया र नेपाली नेतृत्व

विचार



● खिमराज गिरी

हाम्रा पुराना धार्मिक पुराण तथा विभिन्न ग्रन्थहरुमा लेखिएको छ कि, "इतिश्री स्कन्ध पुराण केदार खन्डे, माघमाहात्मे, सम्वादे, भारत वर्षे" आदि आदि । वास्तवमा भारत र नेपालको धार्मिक, सांस्कृतिक, भौगोलिक, भाषिक तथा अन्य विविध कुराहरुमा एकरूपता पाइन्छ । तैपनि, भारत औपनिवेशीक राष्ट्रको रूपमा कयौं वर्ष रही रह्यो तर, नेपाल सानै भएपनि न कसैको अधिनमा रह्यो, न त कसैको दास । तर, भारतको नेपालप्रतिको हेर्ने दृष्टिकोण भने सधैँ फरक नै रह्यो । पहिला इन्दिरा गान्धीको पालामा काश्मीर भारतमा गाभ्ने रणनीतिअनुरूप लेन्डुपलाई दिल्लीको रातो कार्पेट मोहमा फसाइयो तर, पछि जब काश्मीर आफ्नो हातमा पऱ्यो तब लेन्डुप 'धोबीका कुत्ता घर न घाट'को अवस्थामा पुगे । पाकिस्तानसँगको सम्बन्ध पनि जातीय अहम्ताको कारण चिसिएकै छ । उता बंगलादेशलाई चिढ्याइरहेको छ भारतले । रक्षा, अर्थ र गृहसम्बन्धि मामलामा भारतको मोलमोलाई हुने भुटानमा त उसकै अधिपत्यमा छ भन्दा फरक नपर्ला !

हाल मात्र दार्चुलाको सदरमुकाम खलंगा र भारतको धार्चुला जोड्ने पुलमुनी महाकाली नदीको बगर मिचेर अन्तराष्ट्रिय सन्धिविपरित भारतले तटबन्ध निर्माण गरिरहेको छ । जुन कुरा 'हेलसिन्की सन्धि, १९६२' विपरित छ । भारतले निर्माण गरेको तटबन्दले अहिले नै नदीको बहाव नेपालतर्फ आउन सुरु गरेको छ । जसले आगामी समय ठूलो क्षति बनाउने त्रास नागरिकमा छ । जसको कारण स्थानीय विरोधमा उत्रिएका छन् । जहाँ स्थानीय विरोधमा उत्रिँदा सरकार भने मौन छ । २०७० असार २ गते आएको बाढीले नेपालतर्फ व्यापक क्षति भएको थियो । बाढी आएको सात वर्षपछि दुवै देशका नापी, परराष्ट्र र गृह मन्त्रालयका अधिकारी सम्मिलित एउटा संयन्त्रले विवादित महाकाली नदीको धारबारे नाप नक्साको परिक्षण गरेतापनि नेपालको करिब २०० रोपनी जग्गा भारततिर मिचिएको थाहा पाएर भारतीय अधिकारीहरु प्रतिकृयाबिहीन भएका थिए । अब महाकाली नदी नेपाली भूमीमा मात्र बहने छ । भारतीयहरुको यस्तै मिचाहा प्रवृत्तिको कारण कयौं दार्चुलाबासीहरुले भारतविरुद्ध आन्दोलन गरेका थिए । जसमा बालबालीकासहित धेरै जना घाइते भएका छन् । तर, वर्तमान सरकार भने सत्ताको अंक गणितीय भागबन्डामै रुमलिइरहेको छ ।

*दार्चुलाको सदरमुकाम खलंगा र भारतको धार्चुला जोड्ने पुलमुनी महाकाली नदीको बगर मिचेर अन्तराष्ट्रिय सन्धिविपरित भारतले तटबन्ध निर्माण गरिरहेको छ । भारतले निर्माण गरेको तटबन्दले अहिले नै नदीको बहाव नेपालतर्फ आउन सुरु गरेको छ । जसले आगामी समय ठूलो क्षति बनाउने त्रास नागरिकमा छ । जसको कारण स्थानीय विरोधमा उत्रिएका छन् । जहाँ स्थानीय विरोधमा उत्रिँदा सरकार भने मौन छ ।*

केही महिना अगाडि भारतले लिम्पियाधुरा जोड्ने सडक निर्माण गरिरहँदा बम ब्लाटमा परी दुई नेपाली बालबालिका सख्त घाइते भएका थिए । त्यस्तै, गत साल पनि तुइन तर्दा भारतीय सशस्त्र सीमा बल (एसएसबी)का जवानहरुद्वारा एकजना नेपालीको ज्यान लिइयो तर, नेपाल सरकार भने दिल्लीमा सत्ताको लागि लगाइएको माखे सांङ्लो फुत्किएला भन्ने डरले निरीह बनेको थियो र छ । त्यति मात्र होइन पश्चिमको कालापानी, लिपुलेक, लिम्पियाधुरा उसकै अधिनमा हुनु, महाकाली नदीको तटबन्ध मिचिनु, बाँके, बर्दीया, कैलाली कञ्चनपुरका कयौं सीमानाका बस्तीहरुले सास्ती भोग्दै आएको पीडा, नवलपरासीको सुस्ताका बासिन्दाहरुको व्यथा, चितवन, बारा, पर्सा, रौतहट, सुनसरी, सिराह, सप्तरी, मोरङ जिल्लाका सीमानामा भएको अत्याचार, साथै झापाको मेची नदीमा भएको दोहनको कथा व्यथा आज र हिजो मात्रको होइन । यस्तै, खिचडी सरकार भइरह्यो भने भविष्यमा पनि उसकै दादागिरी चलिरहन्छ । अझ अर्को अचम्मको कुरा त सुनसरी र सप्तरी जिल्लाको नेपाली सीमानामा कोशी ब्यारेज निर्माण गरिएको छ । सन् १९५४ मा भएको कोशी सम्झौताअनुसार कोशी नदीमाथि ब्यारेज निर्माण गरिएको हो ।


नेपाल र भारतबीच भएको उक्त सम्झौताबमोजिम कोशी ब्यारेजको शिलान्यास सन् १९५९ मा भएको थियो । नेपालका तत्कालीन राजा महेन्द्र शाह र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरुले उक्त ब्यारेजको शिलान्यास गरेका थिए । सन् १९६५ मा राजा महेन्द्र र भारतीय प्रधानमन्त्री लालबहादुर शास्त्रीले संयुक्तरूपमा उक्त ब्यारेज उद्घाटन गरेका थिए । कोशी ब्यारेजको सञ्चालनको जिम्मा सम्पूर्णरूपमा भारतको हातमा भएकोले हरेक वर्ष नेपाल डुबानमा पर्ने गरेको सीमाविद् बुद्धिनारायण श्रेष्ठले बताएका थिए । "एक सय ९९ वर्षको लागि कोशी सम्झौता गरिएको छ", उनले भनेका छन्, "मित्रराष्ट्रलाई सहयोग गर्न नेपालले कोशी सम्झौता गरेको हुनुपर्छ । तर, अहिले सोही सम्झौता नेपालका लागि समस्या बनेको छ ।"

तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र राजा महेन्द्रको सक्रियतामा उक्त सम्झौता गरिएको जानकारहरू बताउँछन् । कोशी सम्झौतामा नेपालका तर्फबाट भूमिसुधारमन्त्री महावीरशमशेर र भारतका तर्फबाट योजनामन्त्री गुलजारीलाल नन्दाले हस्ताक्षर गरेका थिए । यसरी, भारतले नेपाललाई राजनीतिक, आर्थिक, भौगोलिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा सामजिक क्षेत्रमा कयौं वर्षदेखि दुःख दिँदै आइरहेको छ । तर, नेपालका सत्ताधारीहरु भने कुर्चीमोहमा परी दिल्लीको डरले हरेक पटक व्यवस्था परिवर्तन गर्दा केही न केही नेपाली भूभाग या प्राकृतिक श्रोत र साधनहरु गुमाउन बाध्य भएका छन् ।

केपी ओली दोश्रो पटक प्रधानमन्त्री हुँदा नेपालको गुमेको भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको चुच्चे नक्सा संसदबाट वैधानिकरूपमा समेटिँदा भारत चिढिएको थियो । त्यस पछिका सत्ता सकसमा उक्त घटना पनि जोडिएको थियो । नेपालको हरेक मामलामा हस्तक्षेपकारी नीति अवलम्बन गर्दै आइरहेको भारत जहिले पनि नेपालमा राजनीतिक अस्थीरता र सामाजिक अस्तव्यस्तताको अस्त्र मात्र प्रयोग गर्न चाहान्छ । तर, भारतको यस्तो हेपाह दादागिरी प्रवृत्तिको कारक तत्व नेपाली राजनीतिज्ञ नै भएको कुरा जानकारहरु बताउँछन् । उदाहरण विगतमा प्रशस्तै पाउन सकिन्छ । अहिले पनि प्रतिनिधिसभाको चुनावको मतगणना सकिन लाग्यो । जे-जस्तो नतिजा आएको छ यसले अबको सत्ता निर्माणमा बाह्य प्रभाव पर्ने निश्चित छ । भारतीयहरु यस्तोमा आफ्नो अनुकुलको वातावरण बनाउन हदैसम्म लाग्नेछन् । जुन विगतले पनि देखाएको छ ।

## तपाईको राशिफल

| | |
|---|---|
| मेष : | महत्वपूर्ण भेटघाट सफल हुन्छ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष : | पुरानो कार्य बन्ने छ । स्वास्थ्यलाभ हुनेछ । |
| मिथुन : | धर्मपालनामा रूची देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ । |
| कर्कट : | नयाँ सम्पर्क हुने तथा पराकममा वृद्धिको योग छ । |
| सिंह : | विरोधी सक्रिय रहन्छन् तर, दैनिक आयमा वृद्धि हुन्छ । |
| कन्या : | मनोबल उच्च रहनेछ । विधार्थीहरूको लागि शुभ समय छ । |
| तुला : | प्रशस्त मात्रामा धन कमाउनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| वृश्चिक: | व्यवसायबाट सफलता एवम् प्रसन्नता प्राप्त हुनेछ । |
| धनु : | यात्रा सफल र सुखद रहन्छ । नाता-गोतासित भेटघाट हुन्छ । |
| मकर : | धार्मिक कार्यमा रूची बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनुपर्नेछ । |
| कुम्भ : | भूमि लाभ हुन्छ तर, कार्यहरूमा सावधानी अपनाउनु होला । |
| मीन : | शैक्षणिक प्रगति तथा शान्तिमा वृद्धि हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# लुम्बिनीको मुख्यमन्त्री कार्यालय राताराती दाङ सारियो



**जगत ठाडा मगर/मध्यान्ह**
नवलपरासी, २० मंसिर

लुम्बिनी प्रदेशको स्थायी राजधानी देउखुरीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सारिएको छ। सोमबार राति अस्थायी मुकाम बुटवलबाट मुख्यमन्त्री कार्यालय सारिएको हो।

बुटवलमा रहेको मुख्यमन्त्री कार्यालयका सबै सामानहरु राति तीन वटा ट्रकमा सारिएको जनाइएको छ। मुख्यमन्त्री कुलप्रसाद केसीले मुख्यमन्त्री कार्यालय सारेपछि अब मुख्यमन्त्रीको कामकाज स्थायी राजधानीबाटै हुनेछ।

मुख्यमन्त्री कार्यालय स्थानान्तरणका लागि देउखुरीमा रहेको भवन मर्मत गरिएको छ। स्थायी राजधानी कार्यान्वयनका लागि मुख्यमन्त्री केसीले केहि दिनदेखि देउखुरीमै बसेर तयारी गरेका थिए।

नवनिर्वाचित प्रदेशसभा सदस्यहरुको शपथ पनि स्थायी राजधानीमै गर्ने तयारी छ। मुख्यमन्त्री कार्यालय स्थानान्तरण भएपछि अब मन्त्रालयहरु यसै महिना भित्रै सार्ने तयारी छ।

प्रदेश राजधानी सार्न लागेकोमा रुपन्देहीका प्रमुख दलले भने असहमति राख्दै आएका छन्। यसअघि नेपाली कांग्रेस रुपन्देहीले मुख्यमन्त्री कार्यालयमै पुगेर स्थायी पूर्वाधार नबनेको अवस्थामा तत्काल मन्त्रालय नसार्न आग्रह गर्दै ज्ञापनपत्र बुझाएको थियो।

नेकपा एमाले रुपन्देही र एमालेबाट प्रदेशसभा सदस्यमा निर्वाचित चार सांसदहरु लिला गिरी, भूमिश्वर ढकाल, भोजप्रसाद श्रेष्ठ र तुल्सीप्रसाद चौधरीले विज्ञप्ति जारी गर्दै नयाँ बन्ने सरकारको कार्यक्षेत्रमा हस्तक्षेप हुने गरी निर्वाचनको अन्तिम नतिजा नआउँदै मन्त्रालय सार्ने काम तुरुन्त रोक्न मागसमेत गरेका थिए।

यसअघि नै गृहमन्त्री बालकृष्ण खाँणले जबरजस्ती मन्त्रालय सार्ने काम भए बाटोबाटै खोसेर लयाउने चेतावनीसमेत दिएका थिए। गृहमन्त्री खाँणले हतारमा मन्त्रालय सार्ने काम रोक्न मुख्यमन्त्री कुलप्रसाद केसीलाई फोन गरेर सचेतसमेत गराएका थिए।

# जनादेशलाई गणितीय जोडघटाउले मात्रै नहेरौं : महामन्त्री शर्मा



**झापा/मस–** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले संसदमा आफ्नो प्रतिनिधित्व व्यक्तिको जित नभई परिवर्तनका पक्षमा व्यक्त अभिमत भएको बताएका छन्।

उनले मतदाता समक्ष गरेका बाचा पूरा गरेरै छाड्ने दृढतासमेत व्यक्त गरेका छन्। आफू बदलिएको जनादेशको मनोविज्ञानलाई बुझेर अघि बढ्नु पर्ने पक्षमा रहेको बताएका शर्माले केही दिनअघि आफू काठमाडौं पुगेर त्यसको पेश्की भूमिका निर्वाह गरेको उल्लेख गरे। उनले जनादेशलाई गणितीय जोडघटाउ मात्रै नभएर विकासका लागि सुम्पिएको अभिभाराका रुपमा दिनुपर्ने बताए।

'लोपोन्मुख तथा अल्पसंख्यक समुदाय, महिला, मजदुर सबै व्यक्तिले देश विकासमा आआफ्नो स्थानबाट योगदान गरिरहनु भएको छ,' शर्माले भने, 'देश बनाउने काम मन्त्री र प्रधानमन्त्रीको मात्रै होइन, देश बनाउने भूमिका सबैले निर्वाह गरिरहेको हुन्छ।'

उनले देश बनाउने भूमिका प्रधानमन्त्रीलाई दिने पद्धति नै बदल्नु पर्नेमा जोड दिए। भोट दिएर जिम्मेवारी सकिने होइन मतदाता र उपविजेताको काम कहिल्यै नसकिने बताए।

देशलाई जोगाउन काम गर्ने हरेक व्यक्तिलाई आफूले सम्मान गर्न चाहेको शर्माको तर्क छ। एउटै व्यक्ति पटकपटक प्रधानमन्त्री बन्ने कुराले रुपान्तरण नहुने उनले बताए।

कांग्रेस पार्टी सभापतिका अघि कयौं विकल्प रहेको उनले बताए। देशमा युवा पुस्ताको नेतृत्वका लागि संसदीय दलमा छलफल घनिभूत बनाउने आफ्नो लक्ष्य रहेको उनले सुनाए। आफू सांसद, मन्त्री मात्रै होइन देशको प्रधानमन्त्री बन्ने र विकास गर्ने योजनामा रहेको उनले बताए।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०८/२१**

**बिशेष इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.**को मिति २०७९/०८/०८ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दैलोमा मल्टिप्रपोज प्रा.लि. (प्रा. लि. नं.: १७९३१६)** कायम गर्ने गरी मिति २०७९/०८/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०८/२१**

**कुवर एग्रिकल्चर फर्म प्रा.लि.**को मिति २०७९/०७/२० र २०७९/०७/२२ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निर्गुण एग्रिटेक प्रा.लि. (प्रा. लि. नं.: २७३१८०)** कायम गर्ने गरी मिति २०७९/०८/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## JORDAN मा रोजगार
कम्पनी: AL-KHIDMAH AL MUMYZA FOR RECRUITING — शहर: JORDAN

पूर्व स्वीकृत मितिः २०७७/१२/१७ | चलानी नं.: ६०१५६३७४ | LT. No.: 237762 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Maid | 0 | 32 | स. काममा दक्ष | 300 | ३९,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने। खाना, बस्न सहित तालिम निःशुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.**
धापासी-९, बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ०१-४९८७४९४, ४९८७४९५, ४९८३९८३
मो: ९८५१२११११८, फ्याक्स: ४९८७४९५
श्रम इजाजत नं. ९९४/०६८/०६९



## कतारमा रोजगारको अवसर
कम्पनी: GLOBAL SOURCES MIDDLE EAST CONTRACTING CO — शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०८/२० | चलानी नं.: ६०१९२८२६इ | L.T. No.: 277291

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | heavy Equipment Operator | 1 | 0 | | 3000 | १,०६,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४९८७३७२, ४९८७७४०, फ्याक्स: ४९८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८



## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी : ORION SECURITY SERVICES LLC. — शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/०९/२१ | चलानी नं.: ६०१७५६४६ | L.T. No.:255671 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 78 | 50 | स. काममा दक्ष | 1200 | ४२,६६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 37 | 11 | | 2000 | ७१,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ मंसिर २८ गते (43 Dec. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
AKP Gov. Lic. No. 712/064/065



## साउदीमा रोजगार
१. कम्पनी: AL RUNESH GENERAL CONTRACTING COMPANY IS A ONE PERSON COMPANY — शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०८/१९ | चलानी नं.: ६०१९२८३२ | LT. No.:277181

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DAR AL-AHLY CONTRACTING, A BRANCH OF AL-AHLY ALUMINUM FACTORY CO. LTD — शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७९/०८/१९ | चलानी नं.: ६०१९२८३१ | LT. No.: 277182

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Operator | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ३२११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फ्याक्स: ४४६६९५५,
फोन: ४४६६७३३, ४४८५७३०, मो: ९८५११९४५१३ Email: cv.annapurna@gmail.com, Url: www.annapurnaservices.com
Right People For Right Job At The Right Time



## साउदीमा रोजगार
कम्पनी : FREQUENCY CURRENT CONTRACTING EST — शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०५/२० | चलानी नं.: ६०१८६९०८ | LT. No.:271271 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Buildings | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४५,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Plumber | 1 | 0 | | 1300 | ४५,१६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २६ गते (12 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com
Gov. Lic. No.: 1405/074/075



## साउदीमा रोजगार
१. कम्पनी: NAS MANPOWER COMPANY — शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०८/२० | चलानी नं.: ६०१९२८०५ | LT. No.:277256

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: HEIF HUSSEIN AL-KAHTANI EST FOR CONTRACTING — शहर: SAUDI, KSA

पूर्व स्वीकृत मितिः २०७९/०८/२० | चलानी नं.: ६०१९२८०३ | LT. No.: 277255

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Worker | 5 | 0 | | 1000 | ३४,७४० | | | | | | | |
| 3. | Worker | 5 | 0 | | 1000 | ३४,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

